परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष १० ❑ अंक ११ २०७८ असोज २४ गते आईतवार Sunday 10, OCT 2021 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

क्राईम अपरेशन साप्ताहिक पत्रिको इ-पेपर www.crimeoperation.com.np मा लगइन गरी हेर्न सम्पूर्ण महानुभाव हरुमा हार्दिक अनुरोध गरिन्छ । सम्पादक

## धाकधम्की र लुटपाटको घटनाले सुरक्षामाथि चुनौती

बिराटनगर । नेपालीहरुका महान चाडपर्व दशै, तिहार र छठ पर्वले बजारमा भिडभाड बढेको मौका छोपी स्थानीय व्यवसायी हरुलाई धाकधम्की दिई लुटपाठका घटनाहरु बृद्धि भएपछि प्रहरी सुरक्षामाथि चुनौती थपिएको छ ।

दिनदहाडै शुक्रवार विराटनगर महानगरपालिका वडा नं. ७ स्थित वडा प्रहरी कार्यालयको छेउ मेनसडकमा रहेको कटेक्स ट्रेडिङको संचालक मनोज तोदीलाई हतियार धारी समूहले कुटपीट गरेर लुटपाट गरेको घटना सार्वजनिक भएपछि सुरक्षा व्यवस्थामाथि आम नागरिक र व्यवसायीहरुले शंकागर्दै आफूलाई असुरक्षीत महसुस गरेको छ ।

हतियारधारीको समुहले दिउँसो करीब ११ बजे हतियारसहित आएका तीन जनाको समुहले सो उद्योगको बिक्री काउन्टरमा प्रवेश गरी लुटपाट गरेका थिए । पेस्तोल सहित आएका लुटेराहरुले उद्योगको विक्री कक्षमा प्रवेश तोदीलाई पेस्तोलले हिर्काएर घाईते बनाई लुटपाट गरेका थिए ।

लुटेराहरुको समूहले तोदीको पैसा राख्ने बाकसमा थोरै रकम फेलापारेपछि तीन जना लुटेरा मध्ये एक जनाले तोदीलाई पेस्तोलले हिर्काउदा उनको टाउको फुटेर घाईते भएका थिए । तोदीको टाँउकोमा चोटका कारण ४ वटा टांका लगाइएको उपचारमा संलग्न विराट नर्सिङ होमका स्वास्थ्यकर्मीले वताए ।

उद्योगको विक्री कक्षमा प्रवेश गरेपछि पेस्तोलधारीहरुले भित्रबाट अफिस कोठा थुनेर लुटपाट गरी बक्समा रहेको १२ हजार भन्दा बढी रकम र ४ थान मोबाईल लिएर भागेको गरेको पीडित तोदीको भनाई छ ।

शनिवार वेलुका सम्म लुटेराहरुलाई प्रहरीले फेला पार्न नसकेपछि र वडा प्रहरी कार्यालय छेउमै यस्तो प्रकारको घटनामा संलग्नहरुको सुराक समेत पत्ता लगाउन नसक्नु प्रहरी सुरक्षामाथि नै शंका लाग्न थालेको आम नागरिको बुझाई छ ।



धाकधम्की दिने पासवान द्धय । तस्वीर सौजन्य । जि. प्र. का. मोरंग

लुटपाट गर्न आएका तीन जना लुटेराहरुमध्ये २ जनाले पेस्तोल बोकेका थिए । घटनाको बिषयमा छानबीन गर्न जिल्ला प्रहरी कार्यालयको टोली घटनास्थल पुगेर जानकारी लिएको छ । उक्त घटनाको बिषयमा अनुसन्धान भइरहेको र लुटेराहरुको खोजीमा टोली परिचालन गरिएको जिल्ला प्रहरी कार्यालय मोरङका प्रवक्ता डिएसपी दिपक श्रेष्ठले बताएको छ ।

त्यसैगरी विराटनगर महानगरपालिका स्थित स्थानिय व्यवसायीलाई

वाँकी अन्तिम पेजमा...

## साहित्यकार सहित दुई सम्मानित

विराटनगर । विराट आदर्श साहित्य मञ्च विराटनगरले साहित्य र पत्रकारिता क्षेत्रमा योगदान पुर्याउने दुईजना व्यक्ति पुरस्कृभएका छन् ।

विराटनगर स्थित आरोहण गुरुकुलमा शनिबार आयोजित कार्यक्रममा मञ्चले साहित्यकार एवं शिक्षासेवी भेषराज पोखरेल लगायतलाई पुरस्कृत गरेका हुन् ।

कार्यक्रममा प्रदेश-१ का प्रमुख सोमनाथ अधिकारी 'प्यासी', वरिष्ठ साहित्यकार प्राज्ञ दधिराज सुवेदी, प्राज्ञ खेम नेपाली, आयोजक संस्थाका संरक्षक मीनकुमार नवोदित, धरानका वडाध्यक्ष नेत्र काफ्लेलगायतले उनीहरूलाई दोसल्ला ओढाएर टोपी र माला लगाएर सम्मानपत्र र नगद समर्पण गरेका थिए ।

पोखरेललाई युवा सञ्चारकर्मी चन्द्रमोहन विश्वासले आफ्नी पत्नीको स्मृतिमा स्थापित 'मनिता विश्वास साहित्य पुरस्कार' समर्पण गरिएको हो । मञ्चले त्रैमासिक रुपमा आयोजना गर्ने स्रष्टा सिर्जनाअन्तर्गत पाँचौं शृंखलामा चर्चित गायक श्रीकृष्ण लुइँटेल (बोकेदारी), गजलकार भेषराज पोखरेल, सोमु अधिकारी र एकराज थापाले आ-आफ्ना सिर्जना प्रस्तुत गरेका थिए ।

## वृद्धले लगाएको गहना लुटपाट

विराटनगर । मोरङको पथरीशनिश्चरेमा दिनदहाडै आक्रमण गरेर एक जना वृद्धा महिलाले लगाएका सुनका गहना लुटपाट गरिएको छ । प्रहरीका अनुसार लुटपाटमा संलग्न आक्रमणकारीको पहिचान खुल्न सकिरहेको छैन ।

मोरङ प्रहरीका प्रवक्ता डीएसपी दीपक श्रेष्ठका अनुसार मरणसन्न हुने गरी कुटपिट गर्दै पथरीशनिश्चरे नगरपालिका वडा नं. ३ ढकाल चोकको ७५ वर्षीया हर्कमाया दङ्गालले लगाएका सुनका गहना लुटपाट गरिएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ ।

बुधबार अनुहार तथा शरीरबाट रगत बगिरहेको र अचेत भएर लडिरहेको अवस्थामा घरबाट दुई सय मिटर पर स्थानीय र परिवारका सदस्यले वृद्धालाई देखेका हुन् । प्रहरीको प्रारम्भिक अनु सन्धानबाट उनी घरबाट गाई वस्तुलाई घाँस र पानी दिन गएको खुलेको छ ।

वृद्धाले नाक र कानमा लगाएका गहना आक्रमणकारीले लिएर गएको हुनसक्ने प्रहरीको भनाइ छ । डीएसपी श्रेष्ठका अनुसार एक तोलाजतिको सुनका गहना लगेको खुलेको छ । घटनाको प्रकृति हेर्दा लुटपाटको उदेश्यले आक्रमण गरिएको हुन सक्ने वताए ।

## भिडभाड नगर्न प्रशासनको आग्रह

विराटनगर । दसैँ, तिहार लगायतका चाडपर्वलाई भीड भाडरहित बनाउन जिल्ला प्रशासन कार्यालय मोरङले अनुरोध गरेको छ । कोरोना महामारीको जोखिम कायमै रहेकोले बिना भीडभाड र स्वास्थ्य सुरक्षा मापदण्डको पालना गरेर चाडपर्व मनाउन आग्रह गरेको छ ।

चाडपर्वलाई सुरक्षित र मर्यादित बनाउनेतर्फ प्रशासन सक्रिय भएको छ । मोरङका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले कोरोनाको सङ्क्रमणबाट बच्नका लागि सबैले स्वास्थ्य मापदण्ड पालनामा ध्यान दिनुपर्ने वताए ।

'भीडभाडरहित एवम् सुरक्षित र मर्यादित हिसाबले चाडपर्व मनाउने वातावरण तयार गर्न सबै पक्षसँग समन्वय भईरहेको वताए । 'आफ्नो स्वास्थ्यलाई ध्यान दिँदै चाडपर्व मनाउनुपर्ने अवस्था छ ।' दसैँमा विभिन्न मठमन्दिर, शक्तिपीठ र धार्मिक तीर्थस्थलहरुमा अत्याधिक भीडभाड हुनसक्ने अवस्थालाई मध्यनजर गर्दै प्रशासन सक्रिय भएको छ ।

वांकी अन्तिम पेजमा...

हार्दिक मंगलमय शुभकामना

२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अ
दाजुभाई तथा दिदीहरुमा सुख, शान्ति एवं उत्तरोक्त प्रगत
लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

इनरुवा नगरपालिका सुनसरीको अनुरोध

१. चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित । पोषणयुक्त आहार खाऔ । २. चाडवाडको समयमा आफ्नो घरछाडेर टाँढासम्म नजाऔ, जानैपरेमा झ्याल, ढोका, गृल बन्द गरेर जाऔं र छिमेकीलाई समेत जानकारी गराऔं । ३. महिला हिंसा विरुद्ध शून्य सहष्णुता कायम गरौं । ४. प्लाष्टिकजन्य पदार्थ लगायत फोहर सामग्रीहरु नबालौ । यस्ता सामान बाल्दा कार्सिनोजेन उत्पन्न भई क्यान्सर जस्तो भयावह रोग लाग्न सक्छ । ५. आफ्नो घरबाट निस्किने फोहोरलाई कुहिने । नकुहिने गरी २ भागमा छुट्याऔं कुहिने फोहोरलाई आफैले कम्पोष्ट बनाई प्रयोग गरौं वा नगरपालिकाको फोहोर संकलन वाहनमा मात्र फाल्ने वानी बसालौ । ६. नकुहिने फोहर पुन: चक्रिय केन्द्रमा पुऱ्याउने व्यवस्था गरौं । ७. बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनु पर्नेछ । ८. सबैले चर्पिको प्रयोग गरौं । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीका व्यवस्था गरी दिसा-पिसाबजन्य संक्रमणलाई रोकौं । ९. चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बानी बसालौं ।

डिल्लिराज निरौला
प्रमुख प्रशासकीय अधिकृत

जमुना गौतम पोख्रेल
उप मेयर

राजन मेहता
मेयर

हार्दिक मंगलमय
शुभकामना

२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीहरुमा सुख, शान्ति एवं उत्तरोक्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

ग्रीनक्रस हस्पिटल प्रा.लि.
रंगेली रोड विराटनगर
परिवार

हार्दिक मंगलमय
शुभकामना

२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीहरुमा सुख, शान्ति एवं उत्तरोक्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

जनरल हस्पिटल एण्ड ट्रमा केयर
सेन्टर प्रा.लि. विराटनगर-१३
परिवार

हार्दिक मंगलमय
शुभकामना

२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीहरुमा सुख, शान्ति एवं उत्तरोक्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

डा. बाबुराम तिमल्सिना (प्रमुख)
महेन्द्र मोरङ आदर्श बहुमुखी
क्याम्पस विराटनगर परिवार

क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक

मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.विराटनगर द.न. ०४/०७७/०७८

## धाकधम्की...

धाकधम्की दिई रकम माग गर्ने दुई जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा विराटनगर महानगरपालिका वडा नं. १२ बस्ने बर्ष २७ को शम्भु पासवान र वडा नं. ११ बस्ने बर्ष २८ को अजय पासवान रहेको छ।

उनीहरुले स्थानीय व्यवसायी हरुलाई धाकधम्की दिई नगद असुल उपर गर्दै आएका थिए। पासवान द्धयसंग नगद १० हजार र धाकधम्की दिन प्रयोग भएको मोवाईल थान २ बरामद गरिएको थियो।

विराटनगर महानगरपालिका वडा नं.१० स्थित बसपार्कबाट नियन्त्रणमा लिएका पासवान द्धयलाई सम्मानित मोरङ जिल्ला अदालतबाट अपराधिक लाभ लिएको कसूरमा दिन ५ (पाँच) म्याद थप भई थप अनुसन्धान कार्य भई रहेको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ।

दशौ, तिहार र छठ पर्वको अवसरमा देश र विदेशवाट घर फर्किकाले विराटनगर महानगर पालिकाको वजरा क्षेत्रमा भिडभाड बढेको मौका छोपी अपराधिक घटनाहरु बृद्धि भएको छ। यस्तो वेला हुन सक्ने सम्भावित अपराधलाई नियन्त्रण गर्न विषेश योजना बनाएर थप प्रहरी परिचालन गरिएको अवस्थामा अपराधीक घटना भएको हो।

अपराधका घटना हुन नदिनको लागि मोरंग जिल्ला भरी करीब डेढ हजार प्रहरी परीचान गरिएको छ यो संख्या अरुवेलाको दोब्दर हो। त्यसैगरी विराटनगर क्षेत्रमा भिडभाड भएको वेला हुन सक्ने अपराधिक घटना हुन नदिन सादा पोशाकका प्रहरी समेत परिचालन गरिएको छ।

## भिडभाड...

उहाँका अनुसार प्रशासनबाट भएको निर्णय सबै ठाउँमा प्रहरीमार्फत कार्यान्वयन गरिने छ। तडकभडक र भीडभाड नगरिकन सामाजिक दूरी कायम गरेर पर्वहरु मनाउन प्रजिअ दाहालले सबैमा आग्रह गर्नु भएको छ। धार्मिक तीर्थस्थल, भीडभाड बढी हुने स्थान, बैङ्क तथा वित्तीय संस्था, सार्वजनिक स्थल, अपराधिक घटना धैरै हुनसक्ने सम्भावित स्थानको सुरक्षा व्यवस्था कडा पारेर लगिएको जानकारी उहाँले दिनु भयो।

मोरङ प्रहरी प्रमुख एसपी जनार्दन जिसीले चाडपर्वलाई मध्यनजर गर्दै प्रदेश १ को राजधानी विराटनगर सहित सबै स्थानको सुरक्षा व्यवस्था कडा पारिएको जानकारी दिएको छ। सम्भावित अपराध नियन्त्रणका लागि सादा पोशाकसहित प्रहरीको विशेष टोली परिचालन गरिएको छ।




११

**कोरोना संक्रमणबाट मुक्त भएपछि पनि ढुक्क नबनौं**

- स्वास फेर्न धेरै गाह्रो भए,
- निद्रा नलाग्ने, झर्को लाग्ने, तनाव महशुस भए,
- धेरै थकाई र कमजोरी महशुस भए,
- एकाएक रक्तचाप घटबढ भए, - थोरै हिड्दा स्वाँ-स्वाँ बढे,
- सचेत बनौं र नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्न ढिला नगरौं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

हार्दिक मंगलमय

# शुभकामना

**२०७८ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।**

भीम पराजुली (मेयर)
विराटनगर महानगर पालिका मोरंग
प्रदेश नं. १

इन्दिरा कार्की (उपमेयरं)
विराटनगर महानगर पालिका, मोरंग
प्रदेश नं. १

उद्धव अर्याल (अध्यक्ष)
विराटनर महानगर पालिका
वडा नं. १

कुमार पोखरेल (अध्यक्ष)
विराटनर महानगर पालिका
वडा नं. २

विनोद कुमार बस्नेत (अध्यक्ष)
विराटनर महानगर पालिका
वडा नं. ३

देवेन्द्र राज पोखरेल (अध्यक्ष)
विराटनर महानगर पालिका
वडा नं. ४

मिन कुमार आचार्य (अध्यक्ष)
विराटनर महानगर पालिका
वडा नं. ५

विजय कामत (अध्यक्ष)
विराटनर महानगर पालिका
वडा नं. ६

मधु बाबु तिवारी (अध्यक्ष)
विराटनर महानगर पालिका
वडा नं. ७

निश्चल अर्याल (अध्यक्ष)
विराटनर महानगर पालिका
वडा नं. ८

विश्वनाथ प्रसाद भगत (अध्यक्ष)
विराटनर महानगर पालिका
वडा नं. ९

माधव राज बाग्ले (अध्यक्ष)
विराटनर महानगर पालिका
वडा नं. १०

तिर्थेन्द्र न्यौपाने (अध्यक्ष)
विराटनर महानगर पालिका
वडा नं. ११

हिरालाल कामत (अध्यक्ष)
विराटनर महानगर पालिका
वडा नं. १२

झरी लाल महतो अध्यक्ष)
विराटनर महानगर पालिका
वडा नं. १३

बलदेव यादव (अध्यक्ष)
विराटनर महानगर पालिका
वडा नं. १४

असलम आलम (अध्यक्ष)
विराटनर महानगर पालिका
वडा नं. १५

मनोज सुब्बा लिम्बु (अध्यक्ष)
विराटनर महानगर पालिका
वडा नं. १६

समिर कमर मियाँ (अध्यक्ष)
विराटनर महानगर पालिका
वडा नं. १७

राजदेव यादव (का.वा. अध्यक्ष)
विराटनर महानगर पालिका
वडा नं. १८

बद्री नारायण सरदार (अध्यक्ष)
विराटनर महानगर पालिका
वडा नं. १९

*विराटनर महानगर पालिका तथा वडा कार्यालय परिवार विराटनगर मोरंग*

**कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना**

*१. कसरी सर्छ कोरोना भाईरस ?*

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

*२. कोरोना भाइरसका लक्षण के-के हुन सक्छन् ?*

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु।

*3. यसबाट बच्न के-के गर्ने ?*

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने।

जहदा गाउँपालिका मोरंग प्रदेश नं. १

हार्दिक मंगलमय

# शुभकामना

**२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ।**

**कोशी हेल्थ इन्सिट्च्युट परिवार बिराटनगर**

हार्दिक मंगलमय

# शुभकामना

**२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ।**

**संजीवनी हस्पिटल प्रा.लि. परिवार विराटनगर**

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक

प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

### चाडपर्वको वेला अनुगमन

नेपालीहरुको महान चाडपर्व वडा दशै शूरु हुन लागेकै अवस्थामा मोरंगका प्रमुख जिल्ला अधिकारी लगायत सुरक्षा नियकाय, आन्तरीक मालि तथा कानून मन्त्रालय समेतको संयुक्त टोलीले भारतसंग सिमाना जोडिएको क्षेत्रमा अनुगमन गरिएको छ। अनुगमनको मुख्य उद्देश्य भनेको नेपाल र भारतको खुला सिमामा भई रहेको चोरी निकासीलाई नियनत्रण र चाडवाडको वेला भारतवाट समेत अपराधीक कार्य हुन सक्ने भएकोले त्यसलाई नियन्त्रणको लागि योजना वनाउनको लागि अनुगमन गरिएको थियो। नयाँ प्रमुख जिल्ला अधिकारी आएकोले पत्रकारहरुसंग भएको परिचायत्मक कार्यक्रममा उठेका केही सुरक्षाको समालहरुलाई लिएर सिमाक्षेत्र अनुगमन गरिएको थियो। ती अनुगमन भनेको नियमित हुनुपर्नेमा सो नभई अनुगमनलाई प्रशासनले मौसमी बनाएको छ। त्यसैगरी बजार क्षेत्रमा पनि उपभोक्तवादी संस्थाहरुलाई समेत अनुगमनको चटारो परेको छ।

बजार लगायत सिमानाका क्षेत्रलाई नियमित अनुगमन गर्ने प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा टाली गठन भएको हुन्छ। बजारमा हुने नापतोल सम्बन्धी र गुस्तर सम्बन्धी ठगीलाई रोक्न सरकारले नै कार्यालय र कर्मचारीको व्यवस्था गरिएको छ तर विना उजुरीका कहिले पनि बजार अनुगमन गरिदैन। जहिले जहिले चाडपर्व आउँछ अनी बजार अनुगमनको चटारो सुरु हुन्छ। प्रत्येक जिल्लामा अनुगमन गर्ने टोली बनाइन्छ। सदरमुकाम केन्द्रित अनुगमन केही समय तातिन्छ र चाडपर्व सकिएसँगै अनुगमन सेलाउँछ। सरोकारवाला निकायले एकीकृत रूपमा अनुगमन गर्न नसक्दा बेला मौकामा हुने अनुगमन केवल झारा टार्ने काम मात्रै भएको छ।

मौसमी बजार अनुगमनको सकारात्मक असर बजारमा खासै नपर्ने भएकाले उपभोक्ताले यो विषयलाई चासो पनि दिँदैनन। अनुगमन टोलीलाई पनि बजारको अवस्था खासै थाहा हुँदैन। अन्योलमा बजारको अवस्था नबुझी गरिने बजार अनुगमन प्रभावकारी भन्दा पनि व्यापारीलाई अनाहक तर्साउने र अनुगमन कर्ताहरुले आर्थिक प्रलोभनमा परी अनुगमनलाई नै बदनाम बनाई सकेको छ। कालोबजारी गर्ने व्यापारीहरुलाई कानुन बमोजिम कारवाही गर्न लागेको वेला नेताहरुको फोन आएर समेत हैरान परेको अनुगमन कताहरु हैरान भएको छ। सबै क्षेत्रलाई राजनीतिक दलका नेता तथा कार्यकर्ताहरुको प्रभाव बढ्दै गएका कारण बजार अनुगमन होस वा सिमानाका अनुगमन हो खास समाजलाई असर पार्न सकेको छैन। त्यसले जुन सुकै अनुगमन हो त्यो प्रभाव कारी हुनु पर्छ त्यसलाई प्रभावकारी वनाउन हामी समाजका सवै नेतृत्व वर्ग एक जुट भएर लाग्न जरुरी छ।

## किन कहिल्यै उदाएन देश बनाउने नेतृत्व ?

डम्बर खतिवडा

धेरैको गुनासो छ यो नेपालमा- 'देश त धर्तीमा स्वर्गको एक टुक्रा नै हो, तर के गर्ने एउटा राम्रो नेता कहिल्यै जन्मेन। प्राकृतिक रूपले स्वर्ग जस्तो देश राजनीतिक रूपले सधैं नर्क जस्तो भयो। स्रोतसाधनले सम्पन्न भए पनि सधैं विदेशिन, गरीब कहलिन बाध्य भयौं।' सामान्य र आमभैं लाग्ने यस्ता टिप्पणीभित्रको पीडा भने निकै गहिरो छ। सर्वसाधारणको हृदयभित्रबाट अभिव्यक्ति हुने यस्ता भावना बारम्बार सुन्नु पर्दा सबैलाई नमीठो लाग्नु स्वाभाविक हुन्छ।

सोच्दै जाँदा भावुक हुन मन लाग्छ। एक्काइसौं शताब्दीको दोस्रो दशक पार गरिसक्दा पनि हामी संसारकै विपन्न र नाजुक मुलुकमध्ये एक छौं। लोकतान्त्रिक मूल्य /मान्यताको स्थापना र राजनीतिक स्थायित्व अझै राम्रो गरी प्रत्याभूत छैन। दलीयकरण र स्वार्थको टकराव चरम छ। प्रतिव्यक्ति आय मुश्किलले ११०० डलर छ, जबकि १ लाख ३५ हजार डलर प्रतिव्यक्ति आय भएका देश यही विश्वमा छन्। विश्व औसत मात्र १३ हजार ५०० डलर पुगिसक्यो। 'पहिलो विश्व' मा पुग्ने त कुरै छोडौं, विश्वको विद्यमान औसत जीवनस्तर प्राप्त गर्न मात्र पनि हामीलाई अझै दुई शताब्दी लाग्न सक्दछ, त्यतिन्जेलसम्म विश्व कहाँ पुग्ला ?

तर, जति नै भावुक भए पनि समाधान प्राप्त हुने हैन। स्थिति जति नै निर्मम, क्रूर, कठोर किन नहोस्, आशावादी हुनु र निरन्तर प्रयत्न गर्नु बाहेक सृष्टिले हामीलाई अरू कुनै विकल्प दिएको पनि छैन। नेतृत्वको उदय शायद भावनाप्रधान मात्र हुँदैन, सामाजिक तथा मनोवैज्ञानिक विकासक्रमका खास चरण र कारण पनि जिम्मेवार हुन्छन्। आफ्नो देश राम्रो बनाउने इच्छा कसलाई नहुँदो हो ? तर, इच्छाले मात्र पनि नहुने रहेछ।

वस्तुगत भएर हेर्दा असल र सफल नेतृत्व अभावको बहससँग मुख्य तीन वटा गम्भीर प्रश्न जोडिएका छन्।

एक- 'राम्रो नेता' भनेर कस्तो नेता खोजिएको होला ? केके काम कसरी गर्ने नेता भए राम्रो भन्ने ? हामीलाई खास चाहिएको नेता चाहिं कस्तो हो ? कस्तो नेतालाई राम्रो भन्ने ? कस्तो कस्तो विशेषता, चरित्र र क्षमता भएको नेता आए राम्रो मान्ने ?

दोस्रो- देशमा राम्रो नेता त होलान् पनि, करीब ३ करोड मानिसमा कोही पनि राम्रो नेता हुन योग्य छैन भनेर पत्याउन सकिंदैन। विधाताले कुनै पनि देशलाई यति धेरै अन्याय त पक्कै पनि गरेको हुँदैन कि त्यसको पूरा जनसंख्यामा एक जना पनि 'राम्रो नेता' कहलिन योग्य मान्छे नजन्मेको होस्। हुन सक्दछ, राम्रो नेता भएर पनि उसको 'उदय' हुन नसकेको हो। सत्तामा उदय नहुन्जेल नेतृत्वको परीक्षण हुँदैन। नेपालमा नेतृत्व क्षमता भएका व्यक्ति हुँदै नभएको हो कि उदय नभएको हो ? यदि उदय नभएको भए कसरी हुन सक्दछ ? नेतृत्व उदयको हाम्रो प्रचलन, प्रणाली र प्रक्रियाले राम्रो नेतृत्व उदय हुन दिन्छ कि दिंदैन।

तेस्रो- 'कहिल्यै भएन' किन भनिएको ? के नेपालको हरेक कालखण्ड खेर गएको हो ? यदि हो भने के यो साँच्चै सतीको श्राप लागेको अभिशप्त देश हो त ? यदि देशको अस्तित्व नै अभिशप्त हो भने यहाँ राम्रो नेताको चाहना नै किन राख्ने ? देशले उन्नति, प्रगति गर्नुपर्ने अपेक्षा नै किन गर्ने ? श्रापित मानिसको जिन्दगीमा जसरी सुखको दिन कहिल्यै आउँदैन, स्वाभाविक हो, अभिशप्त देशको कुनै भविष्य हुँदैन।

यदि नेताले मात्र देश बिगारेको भन्ने हो भने किन बिगार्ने मात्र नेता जन्मिन्छ त ? यदि देश अभिशप्त हैन भने राम्रो नेता पनि त जन्मिनुपर्ने ? हामी जनता वा मतदाता चाहिं किन एकातिर राम्रो नेतृत्वको अपेक्षा राख्छौं, अर्कोतिर तिनै नराम्रो भनिएकाहरूको पछि लाग्न र भोट दिन बाध्य हुन्छौं ? के यो प्रवृत्ति बीच कुनै संगति छ।

सामान्यत: तीन वटा गुण भएको नेतालाई राम्रो नेता मान्न सकिन्छ। एक- उपयुक्त सोच, दूरदृष्टि र त्यसप्रतिको प्रतिबद्धता। दुई- योग्यता र क्षमता। तीन- असल मान्यता, प्रचलन र उत्तराधिकारको प्रत्याभूति। जुनसुकै राजनीतिक प्रणालीबाट यदि यस प्रकारको नेतृत्व आउँछ भने उसले देशका लागि केही न केही योगदान अवश्य गर्छ।

जस्तो कि तीन वटा फरकफरक प्रणालीबाट केही उदाहरण हेरौं।

जस्तो- प्रत्यक्ष निर्वाचित राष्ट्रपति हुने अमेरिकी प्रणालीमा जर्ज वासिङटन, अब्राहम लिंकन, फ्राकलिन डि. रुजबेल्ट जस्ता दर्जन बढी सफल र असल राष्ट्रपतिको उदय। अर्कोतिर- संसदीय प्रणालीबाट बेलायतका वेन्स्टन चर्चिल, भारतका जवाहरलाल नेहरू, सिंगापुरका लि क्वान यु र न्युजिल्याण्डकी ज्यासिन्डा अर्डन जस्ता प्रधानमन्त्री उदाए। एकदलीय कम्युनिष्ट प्रणालीबाटै चीनमा देङ सियाओ पिङ र अहिलेका प्रभावशाली राष्ट्रपति सि जिन पिङको भयो।

नेपालमा चाहिं निरंकुश राजतन्त्र हुँदा होस् वा जहानियाँ राणाशाही, निर्दलीय पञ्चायती व्यवस्था हुँदा होस् वा बहुदलीय संसदीय लोकतन्त्र वा अहिलेको संघीय लोकतान्त्रिक गणतन्त्र-कुनै प्रणालीले पनि देशलाई सभ्य, सुसंस्कृत, सुशासित र समृद्ध बनाउने नेतृत्व जन्माउन सकेन। यस्तो किन भयो ?

दार्शनिक प्रवर्गबाट विश्लेषण गर्दा नेतृत्व मूलत: दुई चिजको संयोजन हो- प्रयत्न र संयोग अर्थात् नियमितता र आकस्मिकता। नियमित प्रयत्नले मात्र कुनै व्यक्ति नेता हुन र उदाउन सक्दैन। राजनीतिमा लागेका सबै मानिसलाई जनताले उत्तिकै साथ, सहयोग र विश्वास दिंदैनन्। जनताको साथ, विश्वास र मत हासिल नगरिकन नेतृत्वको उदय हुँदैन। तर, प्रयत्न नै नगरिकन नेतृत्वको उदय झनै सम्भव हुँदैन। जनता वा मतदाताले तिनै मध्ये कसैलाई साथ दिन्छन्, जसले केही न केही प्रयत्न गरिरहेको हुन्छ। प्रयत्न आफ्नो ठाउँमा महत्वपूर्ण कुरा हो तर पर्याप्त हैन।

इतिहास आवश्यकता र संयोगिकताको बीचबाट हिंडिरहेको छ। मानिसको प्रयत्न त्यससँग तादात्म्य भयो भने मात्र नेतृत्वको उदय हुने हो। नेतृत्व असल र सफल प्रमाणित हुने हो।

जस्तो कि जर्ज वासिङटन र अब्राहम लिंकनको उदय प्रयत्नमा आधारित थियो। तर, रुजबेल्टको उदय संयोगिक थियो। नेहरू र लि क्वान युको उदय प्रयत्नबाट भएको थियो, तर चर्चिल र ज्यासिन्डा अर्डनको उदय संयोगिक थियो। सी जिन पिङको उदय प्रयत्नबाट भएको देखिन्छ, तर देङको उदय संयोगिक थियो।

लामो शृंखला, संघर्ष र नियमित प्रक्रियाबाट आएको नेतृत्वलाई प्रयत्नबाट आएको नेतृत्व भन्न सकिन्छ, भलै यस प्रक्रियामा पनि आकस्मिकताको भूमिका र योगदान हुन्छ नै। कतिपय नेताहरू भने विशुद्ध ऐतिहासिक संयोगले जन्मिन्छन्। जस्तो कि रूसका भ्लादिमिर पुटिन। सन् १९९० को दशकका घटनाक्रम विना सोभियत कम्युनिष्ट पार्टीको नियमित प्रक्रियाबाट पुटिनको उदय सम्भव नै थिएन। सोभियत संघको पतनका लागि महत्वपूर्ण भूमिका गरेका बोरिस यल्तसिनसँग कुनै नियमित उत्तराधिकार थिएनन्, त्यही ग्याप पुटिनले पूरा गरेर पोष्ट-कम्युनिष्ट रूसमा आफूलाई वर्चश्वशाली बनाए।

भारतको प्रधानमन्त्री हुन नेहरूले लामो संघर्ष गर्नु पऱ्यो। उनले राजनीतिक शुरुआत गर्दा भारत भन्ने देश नै थिएन। सन् १५२६ देखि १८५७ सम्म मुगल शासन चलेको थियो, त्यसपछिका ९० वर्ष अंग्रेज शासन रह्यो। सन् १९४७ मा भारत स्वतन्त्र देश बन्छ र काश्मिरी पंडितका सन्तान नेहरू प्रधानमन्त्री बन्छन् भन्ने कल्पना कसैमा थिएन। अझ पाकिस्तान भन्ने देशको त कुरै छोडौं शब्द नै शब्दकोशमा थिएन। नेहरू र मोहम्मद अलि जिन्नाको व्यक्तित्व, हिन्दू र मुस्लिम मनोविज्ञान, कांग्रेस र मुस्लिम लिगको संगठनात्मक अहम्को टकरावले पाकिस्तान जन्मियो।

नेहरू र जिन्नाको संघर्ष नियमितता थियो तर भारत, पाक विभाजन आकस्मिकता थियो।

अब्राहम लिंकनले अमेरिकाको राष्ट्रपति पदमा पुग्न लामो राजनीतिक संघर्ष गरे। पदमा भने उनी छोटो समय रहे। तर, छोटो समय पदमा रहँदा उनले जुन कामहरू गरे, ती अविस्मरणीय रहे। रिपब्लिकन पार्टीको गठन, दासप्रथाको अन्त्य, पृथकतावादी गृहयुद्धमा देशको एकताको रक्षा, अमेरिकी समाज र अर्थतन्त्रको आधुनिकीकरण जस्ता योगदानले उनको नेतृत्वलाई अद्वितीय बनायो।

तर, रुजबेल्ट भने पहिलो र दोस्रो विश्वयुद्ध बीचको अवधिको विशिष्टता र सन् १९३१ को विश्व महामन्दीको विशिष्ट उत्पादन थिए। त्यस्तै चर्चिलको लामो राजनीतिक जीवनका बाबजूद बेलायतका प्रधानमन्त्रीका रूपमा उनको भूमिका र योगदान भने आकस्मिक हो।

देङको राजनीतिक जीवनमा पनि नियमितताको लामो पाटो नभएको हैन, तर सन् १९७८ मा श्रमशिविरबाट निकालेर माओले देङलाई सत्ता सुम्पिन्छन् भन्ने कसलाई अनुमान थियो र ? सांस्कृतिक क्रान्तिताका अपदस्त गरिएका देङ श्रम शिविरमा राखिएको १२ वर्षभन्दा धेरै भइसकेको थियो।

नियमित प्रयत्नको पाटोबाट हेर्दा नेपालका नेताहरूको इतिहास एक से एक सुन्दर र गौरवयोग्य छ। जस्तो कि बीपी, गणेशमान, सुवर्ण शमशेर, किशुनजी, गिरिजाप्रसादको भूमिका राणाशाही र निरंकुश पञ्चायती व्यवस्था विरुद्धको संघर्षमा अद्वितीय थियो। अहिलेका शेरबहादुर देउवाको उदय नै संयोगिकभन्दा बढी नियमित प्रयत्न नै हो। कम्युनिष्ट धारका पुष्पलाल, मनमोहन अधिकारीले लामो संघर्षबाट आफ्नो श्रेष्ठता सिद्ध गरे।

तर, एमाले पार्टी महासचिवका रूपमा मदन भण्डारीको उदय भने संयोगिक थियो। तत्कालीन माले समूहको आन्तरिक संघर्ष र चौथो महाधिवेशन, भारतीय नाकाबन्दी, वाम मोर्चाको गठन, संयुक्त जनआन्दोलन र पञ्चायतको अन्त्य जस्ता संयोगहरू हुँदैनथे भने त्यति सानो उमेर र छोटो अवधिमा उनी लोकप्रियताको चरमचुलीमा पुग्ने थिएनन्।

प्रचण्ड-बाबुराम-मोहन वैद्य समूहको संघर्ष, माओवादी आन्दोलन, जनयुद्ध, शान्ति प्रक्रिया, संविधानसभाको निर्वाचन र गणतन्त्रको स्थापना जस्ता घटनाहरू संयोग हैनन, नियमितता प्रधान रहेका, सुविचारित र योजनाबद्ध घटना हुन्। दरबार हत्याकाण्ड र ज्ञानेन्द्र शाहको उदय भने संयोगिक थियो। यदि दरबार हत्याकाण्ड हुँदैनथ्यो र ज्ञानेन्द्र

वांकी ४ पेजमा...

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउंने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ। भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

## मुद्दाका फरार प्रतिवादी पक्राउ

बिराटनगर १ नम्बर प्रदेश प्रहरी कार्यालय (रिट) समुहबाट खटिएको प्रहरी टोलीले चोरी मुद्दाको र बैदेशिक रोजगार ठगी कसूर मुद्धामा कसुरदार ठहरी फरार भएका २ जना प्रतिबादीहरुलाई आज पक्राउ गरि सम्मानित अदालतमा पेश कारागार चलान गरेको छ।

केही सार्वजनिक अपराध मुद्धामा सम्मानित मोरङ जिल्ला अदालतबाट २०७२ चैत ११ गतेको सजाय निर्धारण फैसला आदेशले २ हजार जरिवाना भई लगत नं.- ५६४९ र नकवजनी चोरी मुद्दामा २०६८ भदौ २९ गतेको सजाय निर्धारण फैसला आदेशले क्रमशः १ महिना २ दिन कैद तथा ६ हजार जरिवाना भई लगत नं.- ३५०९ मा कैद जरिवाना बेरुजु रहि असुल गर्न बाँकी रहेका मोरङ बिराटनगर महानगरपालिका ८ का ३४ बर्षीय अजय रायलाई खोजतलास गर्दै जाँदा गाउँघरमा नै लुकिछिपी बसेको अबस्थामा फेला पारी पक्राउ गरि अदालतमा दाखिला गरेको तथा सम्मानित मोरङ जिल्ला अदालतबाट कैद भुक्तानको लागी कारागार चलान गरेको हो।

त्यसै गरी सम्मानित सुनसरी जिल्ला अदालतको २०७२ चैत १ गतेको फैसला आदेशले क्रमशः ३ बर्ष कैद तथा ३ लाख जरिवाना भई लगत नं.- ७१८७ मा जरिवाना बेरुजु रहि असुल गर्न बाँकी रहेका जिल्ला सुनसरी धरान उपमहा नगरपालिका ९ घर भई हाल धरान ७ का ३४ बर्षीय रबिन बोगटीलाई पक्राउ गरि अदालतमा दाखिला गरेको तथा सम्मानित सुनसरी जिल्ला अदालतबाट कैद भुक्तानको लागी कारागार चलान गरेको छ।

कोरोना ( C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

१. कसरी सर्छ कोरोना भाईरस ?

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु।

3. यसबाट बच्न के–के गर्ने ?

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने।

धनपालथान गाउँपालिका मोरंग प्रदेश नं. १

## एक लाख नगद सहित प्रहरी अधिकृतहरु सम्मानित



बिराटनगर। एक लाख नगद सहित दुई जना प्रहरी अधिकृतहरु सम्मानित भएका छन्।

सम्मानित एवं पुरस्कृत हुनेहरुमा प्रहरी निरीक्षक योगराज खतिवडा र प्रहरी नायव निरीक्षक रुद्र बहादुर खडकालाई प्रदान गरिएका छन्। उनीहरुले १ लाख धनराशीको आठौं 'साधनादेवी प्रहरी पराक्रम पुरस्कार' प्रदान गरिएको हो।

प्रदेश भरिबाट उत्कृष्ट कार्य गर्ने ईलाका प्रहरी कार्यालय चैनपुर संखुवासभाका प्रहरी निरीक्षक खतिवडा र १ नं. प्रदेश प्रहरी कार्यालय, प्रदेश अनुसन्धान समूहका प्रहरी नायव निरीक्षक खडकालाई ६६ औ प्रहरी दिवसका अवसरमा २० गते बुधवारका दिन प्रदेश प्रहरी कार्यालयल बिराटनगरले पुरस्कृत गरेको थियो।

२०७८ भदौ २१ गते जिल्ला संखुवासभा, मादी नगरपालिका १ खोलागाँउका एकै परिवारका ६ जना सदस्यहरुको हत्या भएको घटनाको सफल अनुसन्धान गरि हत्यामा संलग्न ५ जना अभियुक्तहरुलाई पक्राउ गरी कानूनी दायरामा ल्याउन सफल भई सर्वसाधारण नागरिकहरुलाई सुरक्षाको अनुभूति हुने गरी नागरिक समक्ष प्रहरीको छवि उच्च बनाउनुको साथै सर्वसाधारणमा शान्ति सुरक्षाको अनुभूती अभिवृद्धि गर्ने तर्फ प्रशंसनिय कार्य गरेकोले कामको उच्च मूल्याकन गर्दै प्रदेश प्रहरी कार्यालय बिराटनगरले १ लाख धनरासीको साधनादेवी प्रहरी पराक्रम पुरस्कारले वहाँहरुलाई सम्मानित गरेको हो।

वर्षभरिमा उत्कृष्ठ ठहरिएका प्रहरी कर्मचारीहरु मध्येबाट साहसिक एवं चुनौतीपूर्ण कार्य गर्ने प्रहरी कर्मचारीलाई प्रत्येक वर्ष प्रहरी दिवशको अवसरमा पुरस्कारका संस्थापक प्रतिनिधीद्वारा नगद पुरस्कार प्रदान गर्ने गरी भएको सम्झौता अनुरुप प्रहरी द्धय खतिवडा र खड्कालाई साधनादेवी प्रहरी पराक्रम पुरस्कार कोषका संस्थापक प्रा.डा. बिक्रम प्रसाद श्रेष्ठले १ लाखको चेक तथा प्रशंसा-पत्र समेत प्रदान गर्नु भएको थियो।

प्रहरी जवान तथा अधिकृतहरुको मनोबल उच्च राख्न यस साधनादेबी प्रहरी पराक्रम पुरस्कारले महत्वपूर्ण भुमिका निर्बाह गर्ने बताउदै आफ्नी स्वर्गिय माता साधना देबी श्रेष्ठको नाममा बार्षिक रुपमा यसरी प्रदान गर्ने यो पुरस्कारका कोषका संस्थापक प्राध्यापक डा. बिक्रम प्रसाद श्रेष्ठलाई प्रहरी नायब महानिरीक्षक-अरुण कुमार बि.सी.ले हार्दिक धन्यबाद दिएका थिए। सोही अवसरमा पुरस्कृत हुने प्रहरी अधिकृतहरुलाइ बधाई समेत दिनु भएको थियो।

पुरस्कृत हुने प्रहरी द्धय खतिवडा र खड्काले आफूबाट सम्पादित कार्यहरुको मुल्यांकन गर्दै उत्कृष्ट प्रहरीको रुपमा आफुलाई छनौट गरिएबाट संगठनले आफूलाई ठुलो सम्मान गरेको र यसले अझ बढी जिम्मेवार भएर आफ्नो दायित्व निर्वाह गर्न प्रेरणा मिलेको बताएका थिए।

स्वर्गिय माताको सम्झनामा प्रहरीको मनोबल बढाउने उदेश्यले यसरी पुरस्कृत गर्न पाएकोमा कोषका संस्थापक डा.बिक्रम श्रेष्ठले आफु लगायत आफ्नो परिवार खुसी भएको बताउनु भएको छ।

साथै प्रहरी दिवशको अवसरमा साधनादेवी प्रहरी पराक्रम पुरस्कारका सँस्थापक प्रा.डा. विक्रम प्रसाद श्रेष्ठलाई प्रमुख अतिथी माननीय मुख्य मन्त्री भीम प्रसाद आचार्यले दोसल्ला ओढाई सम्मान गर्नु भएको थियो।

हार्दिक मंगलमय
शुभकामना
२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ।

हसन अन्सारी (प्रवन्धक)
एशियन लेदर प्रा.लि.
परिवार

हार्दिक मंगलमय
शुभकामना
२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ।

सुबोध कुमार सिंह (सभापति)
रेडक्रस सोसाईटी मोरंग
परिवार

हार्दिक मंगलमय
शुभकामना
२०७८ सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

राम कुमार कामत (अध्यक्ष)
मंजिता सरदार (उपाध्यक्ष)
कटहरी गाउँपालिका मोरंग

कैलाश प्रसाद मण्डल (अध्यक्ष)
सालो साह (उपाध्यक्ष)
जहदा गाउँपालिका मोरंग

हरिलाल सिंह (अध्यक्ष)
नसिमा वानो (उपाध्यक्ष)
धनपालथान गाउँपालिका मोरंग

बालचन्द माझी (अध्यक्ष)
अमृता कुमारी गच्छदार (उपाध्यक्ष)
बढीगंगा गाउँपालिका मोरंग

शिवनारायण माझी थारु (अध्यक्ष)
फूलकुमारी चौधरी (उपाध्यक्ष)
ग्रामथान गाउँपालिका मोरंग

रोहित कार्की (अध्यक्ष)
शान्ति कुमारी लिम्बु (उपाध्यक्ष)
केरावारी गाउँपालिका मोरंग

देवी प्रसाद आचार्य (अध्यक्ष)
सरला राई (उपाध्यक्ष)
मिक्लाजुङ गाउँपालिका मोरंग

ताराबहादुर काफ्ले (अध्यक्ष)
रामकुमारी इंगनाम (उपाध्यक्ष)
कोनेपोखरी गाउँपालिका मोरंग

दिलीप कुमार अग्रवाल (मेयर)
केसव कुमारी खराल (उपामेयर)
रंगेली नगरपालिका, मोरंग

काली प्रसाद दास (मेयर)
मंजु कुमार राई (उपाध्यक्ष)
सुनवर्सी नगरपालिका, मोरंग

शिव प्रसाद ढकाल (मेयर)
धनमाया तामाङ (उपमेयर)
सुन्दर हरैचा नगरपालिका, मोरंग

खड्ग फागो (मेयर)
लक्ष्मी भण्डारी (उपमेयर)
उर्लावारी नगरपालिका, मोरंग

किशोर राई (मेयर)
यमुना विष्ट (उपमेयर)
पथरी-शनिश्चरे नगरपालिका, मोर

ज्ञानेन्द्र सुवेदी (मेयर)
ढाका कुमारी पराजुली (उपमेयर)
बेलवारी नगरपालिका, मोरंग

रविन राई (मेयर)
दन्त देवी चुडाल (उपमेयर)
रतुवा माई नगरपालिका, मोरंग

शंकर राई (मेयर)
कृष्ण कुमारी निरौला (उपमेयर)
लेटाङ्ग नगरपालिका, मोरंग

नगरपालिका
तथा गाउँ पालिका परिवारमोरंग

# दुर्घटनामा चारको मृत्यु

बिराटनगर । १ नम्बर प्रदेशका तिन छुट्टाछुट्टै स्थानमा शनिवार भएको सवारी दुर्घटनामा परी ४ जनाको मृत्यु भएको छ ।

तेह्रथुमको लालीगुराँस नगरपालिका वडा नं. ४ को ग्रामिण सडक खण्डमा को २ त ८४२६ नम्बरको ट्याक्टर आफै अनियन्त्रीत भई सडकबाट अन्दाजी ३० मिटर तल खसेर दुर्घटना हुँदा लालिगुराँस नगरपालिका वडा नं. ५ का २२ बर्षीय पञ्च बहादुर मङग्रातीको घटनास्थलमा नै मृत्यु भएको थियो ।

सोही ट्याक्टरमा सवार रहेका लालिगुराँस नगरपालिका वडा नं. ५ का १६ बर्षीय हिम बहादुर सार्की घाईते भई उपचारको लागी धरान लैजाने क्रममा बाटोमा नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय तेह्रथुमले जनाएको थियो ।

त्यसैगरी सुनसरीको दुहवी नगरपालिका वडा नं. १० मा शनिवार साँढे ५ बजे उत्तरबाट दक्षिण तर्फ जाँदै गरेको को १९ प ५०८ नम्बरको मोटरसाईकल आफै अनितन्त्रीत भई बिजुलीको पोलमा ठोक्किदा घाईते भएका मोटरसाईकल चालक दुहवी नगरपालिका वडा नं. ११ का ४५ बर्षीय ईश्वरचन माझी (चौधरी) लाई उपचारको लागी टिचिङ अस्पताल बिराटनगर पठाईएकोमा उपचारको क्रममा मृत्यु भएको ईलाका प्रहरी कार्यालय दुहवीले जनाएको छ ।

त्यस्तै दुहवी नगरपालिका वडा नं. ८ मा शनिवार साँझ साँढे ६ बजे ना ५ ख ४५१३ नम्बरको बसले बाटो क्रस गर्दै गरेका पैदल यात्री बेलवारी नगरपालिका वडा नं. ५ का ७२ बर्षीय पवनलाल चौधरीलाई ठक्कर दिंदा घाईते भई उपचारको लागी बिराट मेडिकल कलेज पठाईएकोमा उपचारको क्रममा मृत्यु भएको ईलाका प्रहरी कार्यालय दुहवीले जनाएको छ । सवारी दुर्घटना सम्बन्धी भएका उक्त घटनाहरुको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

हार्दिक मंगलमय
शुभकामना
२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
शिव सुन्दर ज्वलर्स रामजानकी पथ
बिराटनगर परिवार

हार्दिक मंगलमय
शुभकामना
२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
देवकिसन मुन्दडा
देवेनरा परिवार
बिराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
मणिराम भट्टराई (प्रिन्सिपल)
बुढा निलकण्ठ स्कुल
परिवार

## किन...

शाहले निरंकुश राजतन्त्रात्मक शासन लाद्दैनथे भने प्रचण्ड-बाबुराम-मोहन वैद्य समूहको नियमित प्रयत्नले मात्र नेपाल 'संघीय लोकतान्त्रिक गणतन्त्र' बन्थ्यो बन्दैनथ्यो यसै भन्न सकिन्न ।

सबैतिरबाट हाम्रा सम्भावना, सहजपन र सुखका बाटाहरू थुनिएका छन् । तर, एउटा सानो प्वाल भने बाँकी छ । त्यो हो- लोकतन्त्र र यसले दिने स्पेश । तसर्थ हामीले प्रयत्न भने छोड्न हुँदैन । प्रयत्नकै बीचबाट कुनै संयोगले राम्रो नेतृत्व सामुन्ने आउन सक्छ

केपी शर्मा ओली लामो राजनीतिक प्रयत्न अवश्य गर्दै थिए तर मधेश आन्दोलनताका भएको भारतीय नाकाबन्दी र त्यसको प्रतिक्रिया स्वरूप उर्लेको राष्ट्रवादी भावनाको संयोग विना उनको उदय संभव हुने थिएन ।

मधेश राजनीतिमा रामराजाप्रसाद सिंह, गजेन्द्रनारायण सिंह लगायतले लामो प्रयत्न गरे, तर त्योभन्दा धेरै प्रतिफल मधेश आन्दोलन मार्फत उपेन्द्र यादवले दिए । यादवको व्यक्तित्वमा नियमितता र लामो संघर्षको पाटो पनि थियो, तर, उदय भने संयोगिक भयो । भर्खरै जनआन्दोलन-२०६२/६३ जस्तो ठूलो क्रान्ति भएको देशमा माओवादी आन्दोलनको त्यत्रो दबदबाबीच त्यति ठूलो मधेश जनविद्रोह उठ्ला भन्ने कसैले कल्पना गरेको थिएन ।

तसर्थ राम्रो नेतृत्वको अपेक्षा गर्दा हामीले संयोग र प्रयत्नको दोहोरो भूमिका, नियमितता र आकस्मिकता, ऐतिहासिक आवश्यकता र व्यक्तिगत क्षमता जस्ता तत्वहरूको योगदान र प्रतिफललाई इन्कार गर्नुहुँदैन । यो प्रक्रियाभन्दा बाहिर गएर नेतृत्वको खोजी, चाहना र अपेक्षा मनोगत हो ।

तर, यहाँनेर ध्यान दिन योग्य कुरा के छ भने क्षमताहीन वा योग्यताहीन मानिसलाई न प्रयत्नले नेतृत्वमा ल्याउँछ न संयोगले । नियमित प्रयत्नबाट आएको नेतृत्वसँग होस् वा संयोगले उदाएको, दुवै प्रकारको नेतृत्वसँग क्षमता भने हुनै पर्दछ । अन्यथा त्यसले समय र परिस्थितिलाई बुझ्न र सही आकार दिन सक्दैन, फलतः अवसर उम्केर जान्छ ।

नेपाली राजनीतिमा त्यस्ता धेरै व्यक्तित्वले अवसर गुमाएका छन् । जस्तो कि- गणेशमान सिंहले देशको नेतृत्व छोड्दा गिरिजाप्रसादको उदय भयो । किशुनजी छोटो र संक्रमणकालीन कडीको रूपमा देखिए । गिरिजाप्रसादको साटो गणेशमान र किसुनजीले करीब एक दशक देशको नेतृत्व गरेको भए नेपाली कांग्रेसको इतिहास आज अलिक फरक पनि हुनसक्थ्यो ।

कम्युनिष्ट आन्दोलनमा सीपी मैनाली, आरके मैनाली, मोहनचन्द्र अधिकारी जस्ता नेताहरूले लामो संघर्षबाट प्राप्त अवसर क्षमताको अभावमा गुमाए । प्रचण्ड-बाबुराम-मोहन वैद्य समूहले पनि पहिलो संविधानसभा अवधिमा अनावश्यक प्रधानसेनापति काण्डमा फसेर, कृत्रिम प्रकृतिको ६ दिने आमहड्ताल र सत्ताद्रोहको प्रयत्न गरेर, पहिलो संविधानसभाबाटै संविधान दिन सुविचारित रणनीति अपनाउन नसकेर अवसर गुमाएकै हो । यो असफलताको असर सिङ्गो देशको राजनीतिक कोर्समाथि पर्‍यो ।

समकालीन विश्वमा न्यूजी ल्याण्डकी प्रधानमन्त्री ज्यासिन्डा अर्डन र चीनका राष्ट्रपति सी जिन पिङ सर्वाधिक सफल नेतृत्व मानिन्छन् । त्यसो त जर्मन चान्सलर एन्जेला मार्केलले पनि १६ वर्षको एक भिन्नै इतिहास रचिन् र भर्खरै विदा भइन् । ज्यासिन्डा र सी अहिलेसम्म कोरोना नियन्त्रण र मानवीय क्षति न्यूनीकरण गर्न समेत सफल छन्, जो अरू कुनै देशका लागि असम्भव जस्तो प्रतीत हुन्छ ।

अर्कोतिर अमेरिकाका डोनाल्ड ट्रम्प, ब्राजिलका जायर बोल्सोनारो जस्तो खराब नेतृत्व पनि यही अवधिमा देखिए । भारतका नरेन्द्र मोदीको उदय हुँदा जुनस्तरको अपेक्षा थियो, त्यो विस्तारै धुमिल, शिथिल र अविश्वसनीय हुँदैछ ।

न्यूजिल्याण्ड धेरै चर्चित, ठूलो र शक्तिशाली देश हैन । समकालीन विश्वमा न्यूजिल्याण्डको खासै सामरिक महत्व छैन । यो देश दक्षिण-पश्चिमी प्रशान्त किनारमा अवस्थित 'कमनवेल्थ' राष्ट्र हो । क्षेत्रफलमा विश्वको ७५औं र जनसंख्याम १२०औं स्थानमा छ । तर, मानवीय विकास सूचकांकमा भने उच्च १४औं स्थानमा छ । करीब ४० हजार डलर बढी प्रतिव्यक्ति छ ।

न्यूजिल्याण्डमा लेवर पार्टीको स्थापना सन् १९१६ मा भएको थियो । सन् २००८ देखि यो पार्टी निरन्तर प्रतिपक्षमा थियो, पार्टीप्रतिको विश्वास कम हुँदै गएको थियो । यही परिदृश्यमा न्यूजिल्याण्डको राजनीतिमा ज्यासिन्डा अर्डनको उदय भयो ।

सन् २०१७ मा ज्यासिन्डा चुनौतीहीन ढंगले लेवर पार्टीको नेता बनिन् । उनले नेतृत्व हासिल गर्दा संसदमा पार्टीको जम्मा १४ सीट थियो । आफ्नो नेतृत्वकालको पहिलो चुनावमै ४६ सीटमा पुर्‍याइन् । सन् २०१७ को चुनावमा उनको पार्टी दोस्रो भएको थियो । यसले उनलाई गठबन्धन सरकारको नेतृत्व गर्ने अवसर थियो । पहिलोपटक प्रधानमन्त्री हुँदा उनी ३७ वर्षकी थिइन् । सन् २०२० को अक्टोबर १७ मा भएको ५३औं संसदीय निर्वाचनमा पार्टीलाई एकल बहुमत ६५ सीटमा पुर्‍याइन् ।

ज्यासिन्डाको उदय नियमित भन्दा बढी संयोगिक हो । लेबर पार्टीले करीब दुई दशकदेखि अस्तित्व संकटको सामना गर्नु नपरेको भए शायद पार्टी नेतृत्वमा उनी सर्वस्वीकार्य हुने थिइनन् । सानो उमेरमै पार्टी नेतृत्वमा नउदाएको भए शायद गठबन्धन सरकारको नेतृत्व गर्ने अवसर पाउने थिइनन् । गठबन्धन सरकारको नेतृत्व गर्न नपाएको भए शायद आफ्नो नेतृत्व गुणस्तरबारे जनतालाई आश्वस्त गर्न सक्ने थिइनन् ।

ज्यासिन्डा अर्डनको नेतृत्व गुणस्तरबारे विभिन्न कोणबाट अध्ययन र चर्चा हुने गरेका छन् । उनको क्षमता, असलपन र सफलताबारे मूलतः पाँच वटा निष्कर्ष निकाल्ने गरिएको छ । एक- गर्न हुने र नहुने कार्यहरूको प्रष्ट सिमाङ्कन, दुई- मातृत्वपूर्ण भावना, तीन- दृढता र आत्मविश्वास, चार- सादगीपूर्ण जीवनशैली, पाँच- व्यवस्थापकीय कला ।

अर्डनका अन्य नेतृत्व गुण आम हुन् तर मातृत्वपूर्ण भावना एक नयाँ योगदान, पहिचान र प्राप्ति हो । जसरी कुनै आमाले आफ्नो सन्तानको कुभलो कहिल्यै चिताउन सक्दिनन्, बरु कैयौं गलत काम गर्न सक्दछिन् तर त्यस्ता गलत भनिएका काम पनि सन्तानकै हितमा हुन्छन् भने जस्तै मातृत्वपूर्ण भावना भएको नेतृत्वले जनताको अहित र कुभलो कहिल्यै चिताउन सक्दैन । अर्डनले कुनै गल्ती नै गरेकी छैनन् भन्ने हैन, तर उनका गल्तीहरूलाई पनि जनताले माफ गर्दिएको देखिन्छ, ताकि उनी जनताप्रति समर्पित छन् ।

जर्मन चान्सलर एन्जेला मर्केलमा पनि यो गुण देखिएको थियो । पुरुष नेताहरूको तुलनामा महिला नेतृहरू जनताप्रति बढी भावुक र संवेदनशील हुन्छन् भन्ने तर्कको पछाडि केही वैज्ञानिक कारण छन् । अभिभावकका रूपमा मातृत्वको दुःख र गौरव पुरुषका तुलनामा महिलासँगै धेरै हुन्छन् । महीनावारी, गर्भावस्था, प्रसव वेदना, स्तनपान र शिशु स्याहारको अनुभव र अनुभूति स्वाभाविक रूपमा महिलामा हुन्छ । यी अनुभव र भावनाले नेतृत्वमा ठाउँ पाउँदा जनताप्रतिको राज्यको संवेदनशीलतालाई बढाउँछ । समकालीन विश्वमा पुरुषभन्दा महिला नेतृहरू बढी सफल देखिनुको एक कारण यो हुन सक्दछ ।

सन् २०१७ मा गठबन्धन सरकारको प्रधानमन्त्री भएसँगै विश्व सञ्चारमाध्यमको ध्यान अर्डनतिर तानियो । उनी निरन्तर चर्चा र प्रशंसाको पात्र बनिन् । तर, त्योभन्दा बढी उनको चर्चा 'गुणस्तरीय नेतृत्व' को कारणले हुने गर्‍यो । उनको कार्यशैलीमा मानवीय संवेदनायुक्त सोच, चुस्त व्यवस्थापकीय क्षमता, जिम्मेवार अभिव्यक्ति, सुशासन, निरन्तर आर्थिक प्रगति, विपक्षीप्रतिको सहिष्णुता, समन्वय, सहकार्य र गतिशीलता अभिव्यक्त भए । विश्वभरि साँघुरो राष्ट्रवाद र डेमागग् कार्यशैलीको बिगबिगी रहेको बेला उनी फरक प्रकारको राजनीतिक नेतृत्व बन्न पुगिन् ।

'व्यवस्थापकीय नेतृत्व' (म्यानेजरियल रुल) का सबैभन्दा राम्रा उदाहरण भने सिंगापुरका लि क्वान यु नै थिए । यस्तो नेतृत्वको मुख्य चरित्र 'प्रयोजनशील कार्यशैली' (प्रग्माटिष्ट एप्रोच) हो । लि क्वान यु सबै प्रकारका वैचारिक भ्रमबाट मुक्त नेता थिए । उनीसँग एउटै मात्र सपना थियो- सिंगापुरलाई निष्पक्ष र समृद्ध (फेयर एण्ड प्रस्परस) राज्य बनाउने । त्यसका लागि चाहिने सबै 'आइडिया' उनको दिमागमा छँदैथिए भन्ने हैन । बरु ठीक उल्टो उनी ती सबै 'आइडिया' हरू स्वीकार गर्न तयार थिए, जसले सिंगापुरको समृद्धिमा योगदान गर्न सक्थे ।

नेतृत्व गुणका हिसाबले यो निकै ठूलो साहस, कला र चातुर्यता हो । औसत राजनीतिज्ञहरू आफ्नो वैचारिक स्कुलिङलाई आधार बनाएर निर्णय लिन्छन्- जसले गर्दा देश र जनतालाई भने घाटा हुन्छ । जस्तो कि अहिले नेपालमा कम्युनिष्टहरू एमसीसीको विरुद्धमा छन् । अमेरिकालाई जन्मजात साम्राज्यवाद देख्ने मनोरोगबाट यो भावना निःसृत छ । लि क्वान युको 'प्रग्माटिष्ट एप्रोच' बाट हेर्दा यो बिल्कुलै हास्यास्पद र मूर्खतापूर्ण काम हो । लि क्वान यु देशलाई कुनै कुराबाट एककन्चो बराबरको पनि फाइदा हुन्छ भने त्यो अवसर उपयोग गर्न कुनै हिचकिचाहट राख्दैनथे, चाहे जुनसुकै सिद्धान्तले जेसुकै भनोस् ।

देङको सफल उत्तराधिकारको सिद्धान्तले चीनमा सी जिन पिङ जन्मायो । देङ र माओत्सेतुङमा यही कुराको भिन्नता थियो । माओ क्रान्तिकारी थिए तर 'सिष्टम एप्रोच' मा काम गर्दैनथे । फलतः क्रान्तिकालमा उनी सफल र निर्माणकालमा असफल भए । माओको यो प्रवृत्तिलाई देङले नसच्याएको भए शायद चीनको आज उत्तरकोरियाको जस्तो हालत हुनेथियो । देङले 'दुई कार्यकाल' को जुन नियम बनाए, त्यसले चिनियाँ कम्युनिष्ट पार्टीभित्रको नेतृत्व संघर्ष मत्थर भयो । र नेतृत्व सर्दैसर्दै सि जिन पिङसम्म आइपुग्यो ।

सन् २०१३ बाट सि चीनमा उदाए तर पालोमा उनी छन् भन्ने सन् २००६ पछि नै मानिसलाई परिसकेको थियो । अर्थात् सि उदाएका नेता हैनन्, उदित गराइएका नेता पनि हुन् । बनेका नेता मात्र हैन, बनाइएका नेता पनि हुन् । जन्मेका नेता मात्र हैन, जन्माइएका नेता पनि हुन् । चीनको कम्युनिष्ट पार्टीले योजनाबद्ध रूपमा सि जिन पिङलाई जन्माएको हो ।

यी उदाहरणहरूलाई नेपालको स्थितिसँग तुलना गर्दा यहाँ एक असंगत परिस्थिति बाहेक केही देखिन्न । र अझै एक दशक राम्रो, असल र सफल नेता जन्मिने सम्भावना देखिन्न । हाम्रो ऐतिहासिक अनुभव र ज्ञान संचिति पनि त्यस्तै छ । हाम्रा पृथ्वीनारायण शाह र अमेरिकी जर्ज वासिङगटन समकालीन थिए । शाहलाई शाहवंश फैलाउनु थियो जर्जलाई 'वासिङगटन राजवंश' स्थापित गर्नु थिएन- 'संयुक्त संघीय लोकतान्त्रिक गणतन्त्र' बनाउनु थियो । त्यो बेलाको अमेरिकामा जर्ज वासिङगटनलाई राजा हुनबाट कसैले रोक्न सक्दैनथ्यो । तर, स्वयं उनी किन राजा हुन चाहेनन्, त्यो ऐतिहासिक चेत किन र कसरी बन्यो, त्यसले नै अमेरिकालाई अमेरिका बनायो र नेपाललाई नेपाल ।

मानौं कि पृथ्वीनारायण शाहले नै राजतन्त्रको साटो गणतन्त्र, एकात्मकताको साटो संघीयता, वंशवादको साटो लोकतन्त्र जेजस्तो अनुपातमा सम्भव छ, जर्ज वासिङगटनले झैं शुरु मात्र गरिदिएका थिए भने आजसम्म नेपाल कस्तो हुन्थ्यो होला ? के त्यस्तो सोच र प्रचलनबाट रणबहादुर शाह जस्तो पागल राजा र जंगबहादुरजस्तो आततायी शासक जन्मिन्थ्यो ? २००७ सालमा त्रिभुवनले संविधानसभाको निर्वाचन गरेर बेलायतमा जस्तो संवैधानिक राजतन्त्रको अवधारणा मान्दिएर हिंडेको भए आजसम्म नेपाल कस्तो हुन्थ्यो होला ? आजका हाम्रा असफलताहरू केवल आजका असफलता मात्र हैनन्, हाम्रो ऐतिहासिक चेत, पिछडापन, स्वार्थी सत्तासंघर्ष र दुष्ट मनोवृत्तिका संचिति पनि हुन् ।

आज पनि हामी ती 'सामूहिक अवचेतन' (कलेक्टिभ अन्कन्सस) बाट मुक्त छैनौं । इतिहासलाई सराप्नु हाम्रो बाध्यता हो, रहर हैन । हामी आज 'प्रथम विश्व' मा हुन्थ्यौं भने पुर्खालाई किन उड्की बस्थ्यौं ? दुर्भाग्य कहाँनेर छ भने आजसम्म पनि हाम्रो नेतृत्व गुण, चेत र सौन्दर्य खासै भिन्न छैन । खासै मौलिक, सृजनशील, इतिहास-तादाम्य र परिणाममुखी छैन ।

हाम्रा कांग्रेस र कम्युनिष्ट भनिएका नेताहरूले एक अनुपयुक्त वैचारिक विभ्रम, स्कुलिङको जालो र शक्ति संघर्षको साधनका रूपमा पार्टी संगठन दिए । तर, उपयुक्त शासकीय स्वरूप, गौरव गर्न योग्य राजनीतिक संस्कृति, आर्थिक विकासको प्रष्ट मार्गचित्र, सुशासनका आकांक्षा सम्बोधन गर्न सक्ने संयन्त्र र असल उत्तराधिकार जन्मन, जन्माउन सक्ने परम्परा दिन सकेनन् ।

नेपाल अझै दोसाँधमा छ । अझै एक श्रापित अस्तित्वको नियतिचक्र भित्र छ । सजिलै केही वर्षभित्र यो देश राम्रो बन्ला, विश्वको हाराहारी पुग्ला भन्ने आकांक्षा राख्न सकिने अवस्था छैन । विद्यमान स्थापित नेताहरूको पंक्तिलाई गाली गरेर उनीहरूमा कुनै आत्मानुभूति जाग्ला र मार्गप्रशस्त गर्लान् भन्ने अपेक्षा पनि बेकार छ ।

सबैतिरबाट हाम्रा सम्भावना, सहजपन र सुखका बाटाहरू थुनिएका छन् । तर, एउटा सानो प्वाल भने बाँकी छ । त्यो हो- लोकतन्त्र र यसले दिने स्पेश । तसर्थ हामीले प्रयत्न भने छोड्न हुँदैन । प्रयत्नकै बीचबाट कुनै संयोगले राम्रो नेतृत्व सामुन्ने आउन सक्छ । कम्तीमा एक दशकभित्र, त्यो भन्दा धेरै पर्खिन सकिन्न अब, धेरै ढिलो हुन्छ । विगत तीन दशक जसरी बिते, त्यसरी नै बित्ने हो भने 'हामी गरीब थियौं, गरीब छौं र गरीब नै रहिरहने छौं; हामी भ्रष्ट थियौं, भ्रष्ट छौं, भ्रष्ट नै रहिरहेन छौं ! हामी अक्षम थियौं, अक्षम छौं र अक्षम नै रहिरहने छौं' भन्ने राष्ट्रगान बनाए हुन्छ । अनलाईन खबर बाट

## श्रीमतिलाई धम्की दिने श्रीमान् पक्राउ



भोजपुर । आफ्नै श्रीमतीलाई भरुवा बन्दुक ताकी मार्छु भनि धाकधम्की दिने भोजपुर रामप्रसादराई गाऊपालिका वडा नं. १ चामबोटेका ४६ बर्षीय सुजिल राई भरुवा बन्दुक सहित पक्राउ परेको छ ।

शुक्रवार घरयासी बिबादको कारण आफ्नै श्रीमती ४५ बर्षीया जुना राईलाई कोदालोले दाहिने पट्टीको नाकको छेउमा प्रहार गर्दा गहिरो चोट लागि घाईते बनाई घरमा लुकाई छिपाई राखेको भरुवा बन्दुक निकाली श्रीमतीलाई ताकी मार्छु भनी धाक धम्की दिएका थिए ।

घटनाको जानकारी पाए लगतै अस्थाई प्रहरी चौकी ओखेबाट प्रहरी टोली खटि गई घाईते जुनालाई उपचारको लागी स्थानिय मेडिकल ओखेमा पठाईएको थियो । घटनास्थलमा भरुवा बन्दुक फाली तत्कार फरार रहेका सुजिललाई प्रहरीले खोजतलास गरी पक्राउ गरि जिल्ला प्रहरी कार्यालय भोजपुर पठाईएको हो ।

घटनस्थलबाट भरुवा बन्दुक, कोदालो सहित बरामद गरेको प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## "६६ प्रहरी दिवस"
## विभिन्न कार्यक्रम गरी भव्यताका साथ सम्पन्न



बिराटनगर । ६६औ प्रहरी दिवश २०७८ प्रमुख अतिथि १ नम्बर प्रदेशका माननीय मुख्यमन्त्री भीम प्रसाद आचार्य आतिथ्यमा भव्यताका साथ सम्पन्न भएको छ ।

१ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगर तथा मातहत प्रहरी कार्यालयहरुले बुधवार अमर प्रहरीहरुलाई श्रद्धाञ्जली दिनुका साथै विबिध कार्यक्रमहरुको आयोजना गरी ६६ औं प्रहरी दिवश २०७८ मनाएको हो । प्रहरी दिवसको अवसरमा बिबिध खेलकुद, दिपावली, रक्तदान, सार्वजनिक स्थल सरसफाई, लगायतका कार्यक्रमहरुको आयोजना गरिएको थियो ।

कार्यक्रमका प्रमुख अतिथी १ नं. प्रदेशका माननीय मुख्य मन्त्री भीम प्रसाद आचार्यले कर्तब्य पालनाको शिलशिलामा गत बर्ष यस प्रदेश अन्तरगतमा वीरगती प्राप्त गर्नु हुने अमर प्रहरीका परिवारहरुलाई नगद तथा कदर पत्रद्वारा सम्मान गर्नुका साथै नयाँ भवन निर्माणार्थ आफ्नो अमुल्य जग्गा निःशुल्क प्रदान गर्नु हुने जग्गादाता महानुभावहरुलाई कदर(पत्र र देशभरमा कार्यरत उत्कृष्ट मध्ये यस प्रदेशका प्रहरी कर्मचारीहरुलाई पुरस्कार प्रदान गर्नु भएको थियो ।

१ नं. प्रदेश प्रहरी कार्यालयमा आयोजित विशेष कार्यक्रममा आन्तरिक मामिला तथा कानून राज्यमन्त्री लिला बल्लभ अधिकारी, प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक अरुण कुमार बि.सी. लगायतका उपस्थित महानुभावहरुले १ नं. प्रदेश प्रहरी कार्यालयमा अवस्थित अमर प्रहरी स्मारकमा पुष्पहार अर्पण गर्दै सम्पन्न गरेको थियो ।

१ नम्बर प्रदेशका माननीय आन्तरिक मामिला तथा कानून राज्यमन्त्री लिला बल्लभ अधिकारीले एसइइ परिक्षामा उत्कृष्ट अंक ल्याउने पुर्व तथा बहालवाला प्रहरीका सन्ततीहरुलाई छात्रवृतीबाट पुरस्कृत गर्नुका साथै १ नं. प्रदेश प्रहरी कार्यालय तथा मातहत प्रहरी कार्यालयमा कार्यरत प्रहरी कर्मचारीहरु मध्ये विविध क्षेत्रहरुमा उत्कृष्ट कार्यसम्पादन गर्ने प्रहरी कर्मचारीहरुलाई पुरस्कार प्रदान गर्नु भएको थियो ।

पुरस्कार बितरण पश्चात कार्यक्रममा मन्तव्य राख्नु हुँदै माननीय मुख्यमन्त्री एवं माननीय आन्तरिक मामिला तथा कानून राज्यमन्त्रीले देश र जनताको सेवा र सुरक्षार्थ आफ्नो कर्तव्य पालनाको सिलसिलामा वीरगती प्राप्त गर्ने वीर अमर प्रहरीहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै आम नागरीकको सुरक्षामा २४ सै घण्टा तल्लिन नेपाल प्रहरीले हरेक नागरीकहरुको मन मस्तिस्कमा रहन सफल भई सकेको हुँदा थप संवेदनशिल भई काम गर्न हौशला प्रदान गर्नु भयो ।

१ नं. प्रदेश प्रहरी श्रीमती संघकी अध्यक्ष चारु कोईराला बि.सी.ले अमर प्रहरी परिवार जनहरुलाई दोशल्ला ओढाएर सम्मान गर्नु भएको थियो भने उक्त कार्यक्रममा प्रहरी नायव महानिरीक्षक अरुण कुमार बि.सी.ले प्रमुख अतिथी लगायत उपस्थित सम्पूर्ण महानुभावहरुमा धन्यवाद तथा शुभकामना ज्ञापन गर्नुहुँदै आफ्नो जिम्मेवारी निर्वाह गर्ने क्रममा प्राण उत्सर्ग गर्ने बहादुर र कर्तव्यपरायण नेपाल प्रहरीका अमर तथा वीर सपूतहरुको सम्झना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नु भएको थियो ।

साथै कर्तव्यपालनको क्रममा घाइते भएका प्रहरी कर्मचारीहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै अग्रज तथा अमर प्रहरीको त्याग र बलिदानले दिएको जिम्मेवारीलाई पूरा गर्नु पर्ने दायित्व आजको दिनमा हाम्रो काँधमा रहेको बताउनु भयो ।

कार्यक्रममा प्रदेश सरकारका उच्च पदस्थ कर्मचारीहरु, अन्य सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधीहरु, सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधीहरु, स्थानीय समाजसेवी, अमर प्रहरी परिवारजनहरु, पूर्व प्रहरीहरु, सामुदायिक सेवा केन्द्रका पदाधिकारीहरु, पत्रकारहरु, मानवअधिकारकर्मी लगायत विभिन्न कार्यालयका प्रहरी कर्मचारीहरुको उपस्थिती रहेको थियो ।

## कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

कटहरी गाउँपालिका मोरंग प्रदेश नं. १

## मौसमी रुघाखोकीका ६ लक्षण र बच्ने एघार उपाय

मौसमी रुघाखोकी ज्वरोले विभिन्न उमेर समूहका व्यक्तिहरु बिरामी हुने गर्दछन्। यो रोगको प्रकोप नेपालका विभिन्न भूभागमा समय समयमा देखिने गरेको छ। वर्षा यामको शुरु तथा अन्त्य, जाडो यामको शुरु तथा अन्त्यमा साधारणतया रुघाखोकी ज्वरो, इन्फ्लुएन्जाका विरामी वढी देखिने गर्दछन् ।

लक्षण

- ज्वरो आउने (१००.४ डीग्री फरेनहाइट भन्दा वढी)
- टाउको दुख्ने
- घाँटी दुख्ने
- रुघाखोकी लाग्ने
- श्वास फेर्न गाह्रो हुने
- बच्चाहरुलाई झाडा पखाला समेत हुन सक्छ

बच्ने उपाय

- खोक्दा हाच्छिउँ गर्दा सफा कपडा वा रुमाल वा पाखुराले नाक, मुख छोप्ने गरौं।
- साबुन पानीले मिची मिची हात धुने गरौं ।
- पोषिलो र झोल पदार्थ प्रशस्त मात्रामा पिउने गरौं।
- ज्वरो आएको व्यक्तिले नगुम्सिएको, हावा ओहोर दोहोर हुने कोठामा आराम गरौं।
- आनावस्यक रुपमा मानिसहरुको भीडभाड भएको ठाउँमा नजाऔं ।



- ज्वरो रुघाखोकी लागेको विरामीको घरेलु उपचारबाट स्वास्थ्यमा सुधार नभएमा आवश्यक उपचारको लागि नजिकको स्वास्थ्य संस्थामा लैजाऔं ।
- शंकाष्पद रोगी व्यक्तिवाट सकभर टाढै वसौं ।
- आँखा, नाक तथा मुखमा अनावस्यक रुपमा हात नलैजाऔं।
- सकभर अरु व्यक्तिहरुसंग हात नमिलाउने, नमस्कार गर्ने ।
- अरुले प्रयोग गरेका रुमाल, कपडा प्रयोग नगरौं ।
- नाक, मुख छोप्दा प्रयोग भएका रुमाल राम्ररी धोएर वा सफा गरेर मात्र पुनः प्रयोग गर्ने ।

हार्दिक मंगलमय
शुभकामना
२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
आर. के. चिल्ड्रेन हस्पिटल
परिवार विराटनगर
मधुमारा

हार्दिक मंगलमय
शुभकामना
२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
आरनिको उच्च माध्यमिक
परिवार विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
विष्णु लामेछाने (प्रचार्य)
आदर्श उच्च मा.वि
परिवार विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
धर्मानन्द खरेल (प्रचार्य)
सत्य नारायण उच्च मा.वि
परिवार विराटनगर